STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 576812, 575093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस ६ गते मंगलबार ❑ 21 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कोभिड महामारीबाट जनताको जीवन बचाउनु साझा दायित्व: प्रधानमन्त्री

रासस
काठमाडौं, ५ पुस

प्रधानमन्त्री शेरबहादुर देउवाले कोभिड-१९ महामारीबाट जनताको जीवन बचाउनु सबैको साझा दायित्व भएको बताउनुभएको छ।

कोभिड-१९ विरुद्धको विशेष खोप अभियानबारे सातवटै प्रदेशका मुख्यमन्त्री तथा सङ्घीय सरकारका सरोकारवाला मन्त्रीसँगको सोमबार सिंहदरबारमा भएको भर्चुअल अन्तरक्रियामा प्रधानमन्त्री देउवाले खोप अभियानलाई प्रभावकारी बनाएर जनताको जीवन बचाउने पहिलो कर्तव्य भएको बताउनुभयो।

उहाँले कोभिड विरुद्धको खोप लगाउने कार्यमा धेरै प्रगति भएको तर र अझैपनि खोप जनताको घरदैलोमा पुग्न नसकेर धेरै मात्रामा स्टोरेज भएको जानकारी पाएको उल्लेख गर्दै खोप अभियानलाई प्रभावकारी बनाउन प्रमुख जिल्लाअधिकारी, जनप्रतिनिधि एवं सरोकारवा जिम्मेवारीपूर्वक लाग्नुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्री देउवाले भन्नुभयो,"अहिले नेपालमा कोभिडको नयाँ भेरियन्ट देखिएको बताइएको छ, खोप अभियानलाई तीव्रताका साथ अघि बढाउन जरुरी छ, खोपबाट जनताको जीवन बचाउनु हामी सबैको कर्तव्य हो, त्यसैले चैतसम्म सबै नेपालीलाई खोप दिने हाम्रो (सरकारको) लक्ष्य हो पूर्णमात्रामा खोप दिएर जनतालाई सुरक्षित बनाउने अभियानमा सबै सक्रियरूपमा लाग्न अनुरोध गर्न चाहन्छु।"प्रधानमन्त्री देउवाले कोभिड विरुद्धको बुष्टर डोज लगाएमा तेस्रो भेरियन्ट पनि घटनसक्ने विज्ञले बताइरहेकाले सबैलाई पूर्ण मात्रामा खोपको सुनिश्चितता गर्न सुरक्षा निकाय, स्वास्थ्यकर्मी, राजनीतिक दललगायत सबैमा अपिल गर्नुभयो। उहाँले कोभिडको नयाँ भेरियन्टले बालबालिकालाई पनि जोखिममा पार्ने भनिएकाले १२ वर्षमाथिका बालबालिकालाई पनि बचाउन आवश्यक रहेकाले बालबालिकासहित सबै नागरिकलाई बचाउन खोप अभियानलाई प्रभावकारी बनाइनुपर्ने खाँचो औँल्याउनुभयो ।प्रधानमन्त्री देउवाले खोप लगाएर सुरक्षित होइन्छ भनेर खोप अभियानबारे जनतमा सचेतना फैलाएर उनीहरुलाई उत्साहित बनाउन पनि अनुरोध गर्नुभयो।

## सरकारले सबै धर्मलाई समान रुपले हेर्नु पर्छः मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, ५ पुस



पोखरा २२ पुम्दी भुम्दीको खुत्रुटोलमा रहेको सङ्ङघ ध्यजङलिङ गुम्बामा बुद्धधर्मालम्बिहरुको महान पूजा त्रिपिटक (काध्यूर) पाठ जारी रहेको छ । यही पुष १ देखि सुरु भएको उक्त पूजा हाल जारी रहेको गुम्बाका अध्यक्ष सु.लोकप्रसाद गुरुङले बताउनु भयो।

गुप्ती गुरुङको नेतृत्वमा काठमाण्डौंबाट समेत लामा गुरुहरुको उक्त पाठमा सहभागि भएको उहाँले बताउनु भयो । यही पुष १० गतेसम्म संचालन हुने उक्त पूजा पाठमा ३५ जना भन्दा बढी गुरु लामा सहभागि भएको अध्यक्ष गुरुङले जनाउनु भयो । यसैबिच गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवन समेत उक्त पूजामा सहभागि हुनु भएको छ।

पूजाको छैटौं दिन आइतबार मन्त्री बराल उक्त गुम्बामा पुगेर धुप तथा प्रसाद उढाउर्दै सरकारले सवै धर्मलाई समान रुपमा हेर्ने पर्ने बताउनु भएको हो । नेपाल बहुभाषि र बहु जाति मुलुक भएकोले सरकारले कुनै एक मात्र धर्मलाई पहिलो प्राथमिकता भने दिन नहुने उहाँको भनाई थियो। मन्त्री बराललाई लामा गुरुले खादा लगायर स्वागत समेत गर्नु भएको थियो । कार्यक्रममा मन्त्रीको सहभागिताले आफुहरुलाई धेरै हौसला मिलेको गुम्बा समितिका बरिष्ठ सल्लाहकार राज बहादुर गुरुङले बताउनु भयो।

## चार वर्षमा नौ वडाका कार्यालय भवन

पोखरापत्र संवाददाता
पोखरा, ५ पुस

पोखरा महानगरपालिकाले चार वर्षमा नौ वटा वडा कार्यालयका भवन बनाएको छ। गएको स्थानीय तह निर्वाचनपछि महानगरका ३३ वडामध्ये भवन नभएकामा नयाँ भवन निर्माण तथा अन्यको स्तरोन्नति गरिएको महानगरले जनाएको छ।

वडा भवन निर्माणलाई प्राथमिकतामा राखेको महानगरले निर्माण गरेका भवन सुविधासम्पन्न र आधुनिक रहेका छन् । केहीमा विद्युतीय भऱ्याङ राखिएको छ। अपाङ्गतामैत्रीसमेत छन्। भवनभित्रै पार्किङको सुविधा छ। हालसम्म वडा नं २, ७, ११, १२, १६, १९, २२, ३० र ३२ मा नयाँ भवन निर्माण गरिएको महानगरका सूचना अधिकारी भरतराज पौडेलले जानकारी दिनुभयो।

वडा नं ८ र १८ मा भवन निर्माणका लागि शिलान्यास भइसकेको छ । वडा नं ६, १७ र २६ का भवन निर्माण प्रक्रिया थालिएको छ । महानगरले सबै वडाका भवन निर्माणमा जोड दिए पनि कतिपय वडामा जमिन प्राप्त नहुँदा पुरानोलाई स्तरोन्नति गरिएको बताइएको छ। सूचना अधिकारी पौडेलले भन्नुभयो,"जमिन प्राप्त भएका अधिकांश वडामा भवन निर्माण सम्पन्न गरेका छौँ । केहीको प्रक्रिया सुरु भएमा छिट्टै शिलान्यास गर्छौँ । अन्यको हकमा स्तरोन्नति गरेर सहज रुपमा सेवा प्रदान गर्ने व्यवस्था गरिएको छ।" महानगरले वडा कार्यालयका भवनसहित आफ्नो प्रशासकीय भवन निर्माणको प्रक्रियासमेत अघि बढाएको छ।

महानगरको मुख्य भवन निर्माण गर्न जमिन खोजीमा चार वर्ष खर्चिएकोमा हालै पोखरा-९ नयाँ बजारस्थित दमकलमार्गमा सुविधा सम्पन्न र अत्याधुनिक प्रशासकीय भवन निर्माण सुरु गरिएको हो। महानगरको आफ्नै चार रोपनी क्षेत्रफलमा भवन बन्ने महानगरले जनाएको छ। हालको भवन साँघुरो हुँदा महानगरका अन्य विषयगत शाखा कार्यालय पोखराका विभिन्न ठाउँमा राख्नुपर्ने बाध्यता हुँदा सेवाग्राहीलाई झन्झट भएको छ।

'अन्डरग्राउण्ड पार्किङ' सहितको पाँच तलाको भवन रु १९ करोड पाँच लाखमा निर्माण सम्झौता गरिएको छ। गत असोज १० गते आगामी १८ महिनाभित्रमा निर्माण सम्पन्न गर्ने गरी भूमि बुद्ध/ओम बुद्ध जेभी विराटनगरसँग प्रशासकीय भवन निर्माणको ठेक्का सम्झौता गरिएको महानगरका वरिष्ठ इञ्जिनीयर पूर्णबहादुर गुरुङले बताउनुभयो।

## स्वदेशमै रोजगारीका अवसर सिर्जना गरिन्छ : मन्त्री श्रेष्ठ

रासस
तनहुँ, ५ पुस

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले स्वदेशमै रोजगारीका अवसर सिर्जना गरिने बताउनुभएको छ।

उहाँले वैदेशिक रोजगारीका नाममा हुने ठगी र बिचौलियालाई निरुत्साहित हुने गरी काम गर्न लागिएको बताउनुभयो। रिपोर्टर्स क्लब नेपाल, गण्डकी प्रदेशद्वारा आज दमौलीमा आयोजित साक्षात्कार कार्यक्रममा मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीका नाममा हुने गरेका ठगी धन्दाको अन्त्य गरिने बताउनुभयो । बिचौलियालाई कानुनी कठघरामा उभ्याइने उहाँको भनाइ थियो । वैदेशिक रोजगारका नाममा ठगी गर्ने कतिपय म्यानपावर कम्पनीलाई कारबाही गर्न थालिएको मन्त्री श्रेष्ठले बताउनुभयो । श्रम स्वीकृति लिने व्यवस्था सातवटै प्रदेशबाट गरिएको र सातवटै प्रदेशमा सामाजिक सुरक्षा कोष स्थापना गरिएको उहाँले बताउनुभयो। श्रम सम्झौता गरेर मात्रै अधिकांश देशमा रोजगारीमा पठाउन जोड दिइएको मन्त्री श्रेष्ठले बताउनुभयो । आगामी दिनमा सबै देशमा सम्झौता गरेर मात्रै नेपालबाट कामदार पठाइने उहाँको भनाइ थियो।

## कांग्रेस केन्द्रीय सदस्य (महिला खुला)को मतपरिणाम सार्वजनिक

रासस
काठमाडौं, ५ पुस

नेपाली कांग्रेसको १४औँ महाधिवेशनमा गत मङ्सिर २७ गते भएको निर्वाचनअन्तर्गत केन्द्रीय सदस्य (महिला खुला) नौ सिटको मतपरिणाम सोमबार सार्वजनिक भएको छ।

मतपरिणामअनुसार डा डिला सङ्ग्रौला (पन्त) २,८८५, पुष्पा भुसाल २,७१८, डा आरजु राणा देउवा २,५३६, अम्बिका बस्नेत २,३३९, ईश्वरी न्यौपाने २,२५९ मतका साथ निर्वाचित हुनुभएको कांग्रेस केन्द्रीय निर्वाचन समितिले जनाएको छ।

यसैगरी सरिता प्रसाईं २,०९६, रमा कोइराला पौडेल १,८५८, शुसीला ढकाल आचार्य १,८०४ तथा रङ्गमती शाही १,७८९ मत प्राप्त गरी निर्वाचित हुनुभएको समितिका सचिव केशव रिजालले जानकारी दिनुभयो । पार्टीको विधानअनुसार केन्द्रीय सदस्य (महिला खुला) नौ सिटका लागि भएको निर्वाचनमा ३० जनाले उम्मेदवारी दिनुभएको थियो।

महाधिवेशनमा भएको पदाधिकारी र खुला सदस्यलगायतको निर्वाचनको मतपरिणाम यस अघि नै सार्वजनिक भइसकेको छ भने बाँकी मतदानको परिणाम आउने क्रम जारी छ।

## संसद् अवरुद्ध गरेर एमालेले प्रतिगामी कदमलाई निरन्तरता दिइरहेको छ : अध्यक्ष दाहाल

रासस
तनहुँ, ५ पुस

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिपक्षी नेकपा (एमाले) ले निरन्तर संसद् बैठक अवरुद्ध गरेर प्रतिगामी कदमलाई निरन्तरता दिइराखेको टिप्पणी गर्नुभएको छ । समाजवादी प्रेस सङ्गठनले आज आयोजना गरेको कार्यक्रममा उहाँले संसद्को कामकारबाहीलाई प्रभावित पार्ने गरी एमालेले देखाएको क्रियाकलाप प्रतिगमनकै निरन्तरता भएको जिकिर गर्नुभयो।

"उहाँहरू अहिले पनि प्रतिगमनकै बाटोमा हुनुहुन्छ, आजभोलि सदनभित्र जे देखेर, भोगिरहेका छौँ, त्यो उहाँका तर्फबाट प्रतिगमनको निरन्तरता हो", अध्यक्ष दाहालले भन्नुभयो, "संविधान मिच्ने, लोकतान्त्रिक विधि परम्परालाई मिच्ने र प्रतिगमनको निम्ति वातावरण तयार पार्ने षडयन्त्रमा उहाँ अहिले पनि लागि राख्नुभएकै छ।"

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गत पुस ५ गते अर्थात् आजकै दिन पहिलो पटक प्रतिनिधिसभा विघटन गरी निर्वाचनको घोषणा गर्नुभएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पर्यटन क्षेत्र सुरक्षित राख्न व्यवसायीको चासो

पोखरापत्र संवाददाता
पोखरा, ५ पुस



पर्यटकहरुको व्यवहारको पहिचानसँगै पर्यटन क्षेत्रमा हुनसक्ने अपराधिक घटनालाई न्यूनिकरण गर्न ध्यान दिनुपर्ने विषयमा केन्द्रित दुई दिने अनुशिक्षण कार्यक्रम पोखरामा सम्पन्न भएको छ ।

पोखरा पर्यटन परिषद र जिल्ला प्रहरी कार्यालय कास्कीको समन्वयमा भएको पोखरामा पर्यटन व्यवसायमा सुरक्षा व्यवस्थापन विषयक अन्तरक्रियात्मक अनुशिक्षण तालिम पोखरामा सम्पन्न भएको हो । उक्त कार्यक्रमको समापन समारोहमा कास्कीका प्रमुख जिल्ला अधिकारी जयनाराण आचार्यले अपराध न्यूनिकरणमा सबैको साथ र सहयोगको खाँचो रहने बताउनुभयो। उहाँले जहाँ न्याय हुन्छ त्यहाँ शान्ति हुने बताउँदै हरेक नागरिकले आफ्नो अधिकारको उपभोग गर्दा कर्तब्यलाई विर्सन नहुने बताउनु भयो । पोखराको सुन्दरतासँगै यस क्षेत्र पर्यटकको लागि सुरक्षित गन्तब्य बनाउन सबै सामुहिक प्रयासको खाँचो रहेको उहाँको भनाइ थियो । जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक रमेश थापाले पर्यटन क्षेत्रमा ठुलो लगानी हुने तर सानो सानो कुरामा सावधानी अपनाउन नसक्दा ठूलो जोखिम हुन सक्ने भन्दै व्यवसायीलाई सुरक्षाको मापदण्डमा अपनाउन आग्रह गर्नुभयो । उहाँले घटना हुनु अगाडिनै सावधानी हुन पनि सहभागीलाई सर्तक गराउनुभयो । थापाले पर्यटकलाई होटल भित्र सुरक्षित गराउने जिम्मा व्यवसायीको र सडकमा आएपछि सुरक्षाको प्रत्याभूत गराउने जिम्मा प्रहरीको भएको बताउनुभयो।

पोखरा पर्यटन परिषदका अध्यक्ष गोपीबहादर भट्टराईले दुई दिने सुरक्षा सम्बन्धि तालिमले पर्यटन क्षेत्रमा अपनाउनु पर्ने सावधानी र विविध विषयमा सहभागीले सैद्धान्तिक र व्यहारिक ज्ञान हासिल गर्न सफल भएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ


पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# एघारौं पोखरा महोत्सव २०७८ को तयारी तीव्र

पोखरापत्र संवाददाता
पोखरा, ५ पुस

एघारौ संस्करणको पोखरा महोत्सवको तयारी तीव्र पारिएको छ।

महोत्सव आयोजक युनाईटेड क्लवले सोमबार पत्रकार सम्मेलनको आयोजना गरी आगामी पुसको २८ देखि माघको ९ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने एघारौ संस्करणको पोखरा महोत्सवको तयारी तीब्र परिएको जानकारी दिएको हो।

पत्रकार सम्मेलनमा वोल्दै पोखरा महोत्सव मुल आयोजक समारोहका संयोजक तथा युनाईटेड क्लव पोखराका अध्यक्ष राजु श्रेष्ठले एघारौ संस्करणको पोखरा महोत्सवको तयारी तीब्र रुपमा अगाडी वढाइएको वताए। अध्यक्ष श्रेष्ठका अनुसार १२ दिन सम्म आयोजना हुने महोत्सवको सम्पूर्ण स्टलहरु बुकिङ भइसकेका छनभने महोत्सव तयारीका लागि गठन गरिएको ४१ वटा उपसमितिहरुले आफ्नो कामलाई तीब्र रुपमा अगाडि वढाइएको छ। स्थापना कालदेखि पोखराको अमरसिंह चौरमा पोखरा महोत्सवको आयोजना गरी सामाजिक काममा अगाडि वढ्दै आएको युनाईटेड क्लवले शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन, सेती नदी संरक्षण र दैवी प्रकोपमा परेकाहरुलाई सहयोग गर्दै आइरहेको छ।




जस अन्तर्गत युनाईटेड क्लवले पोखरा महोत्सवको आम्दानीबाट युनाइटेड क्लव पोखराले गरिब तथा जेहेन्दार बिद्यार्थीहरुको शिक्षाको लागी १२ वटा सामुदायिक विद्यालयहरुमा छात्रवृत्ति कोषको स्थापना, आर्थिक अभाव भई स्वास्थ्य लाभ लिन नसकेका तथा ग्रामीण क्षेत्रलाई लक्षित गरी स्वास्थ शिविरको आयोजना गरी जनसमुदायलाई प्रत्यक्ष स्वास्थ्य लाभ दिने, युवाहरुलाई कुलतमा फँस्नबाट रोकी खेलकुदको माध्यमबाट सवल र सक्षम नागरिक बनाउनको लागी क्लव आफैले विभिन्न खेलकुदका कार्यक्रमहरु आयोजना गर्नुका विभिन्न संघ संस्थाहरुले आयोजना गरेको राष्ट्रिय तथा स्थानिय खेलकुद प्रतियोगितामा प्रायोजक, प्रवर्द्धक तथा सहयोगी संस्थाको रुपमा रहि टेवा पुऱ्याउदै आइरहेको समेत क्लवका अध्यक्ष श्रेष्ठले वताए।

क्लवले स्थापना कालदेखीनै पोखरा महोत्सवको आयोजना गरी पोखरामा खुल्ला चिडियाखाना निर्माण हुनुपर्छ भन्ने अभिप्रायले पोखरा महानगरपालिकाको वडा नम्बर ३०, ३१ र ३२ मा रहेको पचभैया, चापापानी चिसाकुना र चैनपुर सामुदायिक बन क्षेत्रको १ सय ३४ हेक्टर जमिनमा तत्कालिन नेपाल सरकारका स्वास्थ्यमन्त्री खगराज अधिकारीबाट २०७२ साल साउन १५ गते सिलान्यास गरी विभिन्न भौतिक संरचना निर्माणका लागी हाल सम्म ५५ लाख ८५ हजार नगद प्रदान गरिसकेको क्लवका महासचिव शान्त बहादुर थापाले वताए। क्लवले आफ्नो लक्ष्य अनुसार क्लवले पोखरा महानगरपालिका २६ अर्चलेमा ५ रोपनी जग्गा समेत खरिद गरेको वताउदै महासचिव थापाले उक्त जग्गामा निकट भविष्यमा क्लवको उद्येश्य अनुसार भौतिक संरचना निर्माण गरिने समेत वताए।

एघारौ संस्करणको पोखरा महोत्सवको मुख्य प्रायोजकमा रवि एण्ड शन्नी इन्डष्ट्रीज प्रा.लि. रहेको छनभने महोत्सवको मुख्य प्रायोजक, उपप्रायोजक, प्रयोजकहरु, अफिसियल बैंक, अफिसियल पानी, अफिसियल इन्टरनेट वर्ल्डलिंक कम्युनिकेशन प्रा.लि., विद्युतीय सुरक्षामा स्काईलिंक टेक्नोलोजी, अफिसियल होटल, अफिसियल इन्सुरेन्स , प्रवर्द्धक, विशेष सहयोगी संस्था, सहयोगी संस्थाहरु, मिडिया पार्टनरहरु को खोजी कार्य जारी रहेको आयोजकले जनाएको छ।

क्लवले स्थापना गरेको दैवी प्रकोप कोषबाट हाल सम्म ४ लाख रुपैया खर्च गरेको जनाएको छ। उक्त कोष अर्न्तगत कैलाली जिल्लाको कैलारी गाउपालिका हसुलिया वार्ड नं. १० का हावाहुरी पिडितका लागि उक्त कोषबाट १ लाख, कोभिड नियन्त्रण कोषका लागी गण्डकी प्रदेश सरकारलाई एक लाख, पोखरा महानगरपालिकालाई एक लाख र पोखरा महानगरपालिका वडा नम्बर १० र १२ लाई जनही पचास हजार रकम हस्तान्तरण गरिएको महासचिव शान्त बहादुर थापाले वताए। महोत्सवमा दुई सय ४७ वटा स्टलहरु रहने छनभने महोत्सवमा दुई लाख ५० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ।

क्लवका महासचिव शान्त बहादुर थापाले सञ्चालन गरेको कार्यक्रममा क्लवका प्रथम उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य राखेका थिएभने पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारी लगायतले महोत्सव सफलताको कामना गरेका थिए।

# पोखरा-२५ हेम्जाका पौडेल भए एम फिलमा सर्वोत्कृष्ट

पोखरापत्र संवाददाता
पोखरा, ५ पुस

पोखराका विश्वास राज पौडेल त्रिभुवन विश्वविद्यालय अन्तर्गत एम फिल तहमा सर्वोत्कृष्ट भएका छन्।

व्यवस्थापन संकायका विद्यार्थी पौडेल २०७६ सालको एम फिल तहको परिक्षामा ३.९६ जीपीए ल्याएर सवोत्कृष्ट भएका थिए। काठमाण्डौमा सोमवार सम्पन्न त्रिविको ४७ औं दीक्षान्त समारोहमा त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ शहीद उप-प्राध्यापक हरिराज अधिकारी स्वर्ण पदकबाट उनि विभुषित भए। दीक्षान्त समारोहमा त्रिभुवन विश्वविद्यालयका कुलपति समेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले पौडेललाई सो स्वर्ण पदक प्रदान गरेका थिए। प्रधानमन्त्रीले समारोहमा पौडेल सगै अन्य २७ जना विद्याथीहरुलाई विभिन्न पदक प्रदान गरेका थिए। पोखरा महानगरपालिका वडा नम्वर २५ हेम्जा मिलनचोक स्थित साउथरका स्थानिय बासि ३४ वर्षका उनि पिता स्व गोविन्द पौडेल र माता मन पौडेलका कान्छा सुपुत्र हुन।




पोखरा १ स्थित राष्ट्रिय उच्च माविबाट एसएलसी उत्तीर्ण पौडेलले पोखराको पोखरा कलेज अफ म्यानेजमेन्टबाट बिविए र काठमाण्डै पुरानो बानेस्वर स्थित एपेक्स कलेजबाट एमबिए उत्तिण गरेका थिए। कर्ममा विश्वास गर्ने मेहनती स्वभावका पौडेल हाल पोखरा स्थित जनप्रिय बहुमुखी क्याम्पसमा एमबिए कार्यक्रम संयोजक छन्।

एमबिए अध्ययन सकेर पोखरा आएका पौडेल पोखराका विभिन्न कलेज हुदै विगत चार वर्षदेखी जनाप्रियमा आबद्ध रहदै प्राध्यापन पेशामा संम्लग रहदै आएका छन्। पोखरामा प्राध्यापन गदै गरेका उनले अध्ययापन सगै आफनो अध्ययनलाई समेत अघी बढाए। मेहनतको फल मिठो हुन्छ भनेझै उनले नसेचेको नतिजा समेत हात पारे। पदक पाएपछि पौडेलले भने म फलको आशा गर्दीन तर कर्ममा भने विश्वास गर्छु, आफुले जे काम गर्न लागेको हो त्यसमा दृढ भएर लागे सफलता हात पर्ने उनको अनुभव छ। आफनो अध्ययन यतीमा मात्र सिमित गर्ने पक्षमा छैन्न, अध्ययन गर्न अझै बाकी रहेको उनि बताउछन्।

उनि समयले साथ दिए केही वर्षमा पिएचडी गर्ने सोचमा छन्। बालयकालमै तीन वर्षको हुदा आफनो बुबा गुमाएका उनले बुबाको माया कस्तो हुन्छ भन्ने स्मरण हुने गरि अनुभव गर्न भने पाएनन्। आफनो सफताको सम्पुर्ण श्रेय स्व पितालाई दिन चाहनछन् उनि। मेरो बुबा समेत शिक्षक हुनुहन्थ्या मैले पिताको माया कस्तो हुन्छ भनेर स्मरण हुने गरि अनुभव गर्न त पाईन तर उहाँको आर्दशलाई पछ्याउने क्रममा यो सफलता हात लागेको हो। अबको देशको आवश्यकता रोजगारीमुलक शिक्षा रहेको भन्दै आउदा दिनमा आफुले शिक्षा क्षेत्रमा काम गर्ने पौडेल बताउछन्। आफुले गर्न लागेको काममा मेहनत साथ लाग्दा सफलता हात लाग्ने उनको अनुभव छ। अवको देशको आवश्यकता प्रापिधिक र जोजगारीमुलक शिक्षा हुनुपर्ने भनाई उनको छ। अव पढ्नको लागि पढ्न भन्दा पनि रोजगारीको लागि पढ्ने शिक्षा आवश्यक रहेकोमा उनको जोड छ।

# ५ सय १ सदस्य आहा राराको मुल आयोजक कमिटि गठन

हुमा परियार/ सुस्मिता श्रेष्ठ
पोखरा, ५ पुस

२०औं संस्करणको आहारारा गोल्डकप फुटबल प्रतियोगिता २०७८ भब्य र सभ्य रूपमा संचालन गर्न को क्लब का अध्यक्ष हरिराम गुरुङ सुरजको अध्यक्षतामा ५ सय १ सदस्य मुल आयोजक कमिटी गठन भएको छ। आउदो माघ ६ गतेदेखि १५ गतेसम्म पोखरा रंगशालामा संचालन हुने उक्त प्रतियोगिताको संयोजकमा क्लबका बरिष्ठ उपाध्यक्ष केशबराज बराल चयन भएका छन्।

मुलायोजक कमिटि को सदस्य सचिबमा क्लब का महासचिव रामजी प्रसाद अधिकारी चयनको चयन गरिएको छ। सम्पुर्ण खेलकुद सग सम्बन्धित सघ सस्था एब व्यक्तिहरु रहने गरि १०१ सदस्य सल्लाहकार समिती समेत गठन गरियो क्लवले जनाएको छ। सहारा क्लबले विगतका बर्ष देखि संचालन गर्दै आएको सहारा एकेडेमीमा हाल १४ जिल्लाका २४ जना बालकहरु रहेका छन्।

# पर्यटन...

बताउनुभयो। उहाँले तालिममा सिकेका कुरालाई आफ्नो व्यवसायमा पालना गर्न सके अपराध न्यूनिकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। पर्यटन क्षेत्रमा देखिएका विकृति विसंगतीलाई न्यूनिकरण गरेर पर्यटन मैत्री वातावरण निर्माणका लागि परिषद् प्रहरी प्रशासनसँग समन्वय गर्न तयार रहेको उहाँको भनाइ थियो।

दुई दिने अनुशिक्षण कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशिराज भण्डारी, पोखरा पर्यटन परिषदका पूर्व अध्यक्ष टिकाराम सापकोटा, होटल म्यानेन्जमेन्ट कलेज छिनेडाँडाका प्रिन्सिपल प्रकाश रेग्मी, रेवानका अध्यक्ष लक्ष्मण बराल, प्रहरी नायव उपरिक्षक सुन्दर तिवारी, पर्यटन प्रहरी प्रमुख राजन रायमाझी, वैदान प्रहरी प्रमुख चिनिमाया तामागं, अग्नि नियन्त्रण शाखाका बसन्त शर्मा, गण्डकी प्रदेश प्रहरी अस्पतालका डाक्टर नर्मल लामिछाने, सशस्त्र प्रहरीका प्रहरी नायव उपरिक्षक दिपक केसी र प्रहरी निरिक्षक दिपक केसी लगायतले पर्यटन क्षेत्रसँग सम्बन्धित विषयमाथि सैद्धान्तिक र व्यवहारिक प्रशिक्षण दिनुभएको थियो।

तालिममा सहभागि व्यवसायि शर्मिला न्यौपाने, विष्णु गुरुङ एकता, अभिषेक अधिकारी लगायतले तालिमको प्रभावकारीभताको बारेमा आफ् नो अनुभव राख्नुभएको थियो। सो कार्यक्रममा होटल, रेष्टुरेन्ड र डान्सबारका सञ्चालक एवम् कर्मचारीहरुसँगै पर्यटन क्षेत्रसँग अन्तरसम्बन्धित एक सय २५ जना सहभागिलाई प्रमाणपत्र वितरण गरिएको थियो।

# बैदाम समाजमा पुन: ज्याक तामाङ

हुमा परियार/ सुस्मिता श्रेष्ठ
पोखरा, ५ पुस

बैदाम तामाङ सेवा समाजको दशौं बार्षिक साधारण सभा तथा छैंठौं अधिबेशनले पुनः ज्याक तामाङको अध्यक्षतामा नयाँ कार्यसमिती निर्वाचित गरेको छ।

१५ सदस्यीय कार्यसमितीमा सरस्वती तामाङ उपाध्यक्ष, निमा तामाङ सचिव, लक्ष्मण तामाङ सहसचिब, कविता योञ्जन कोषाध्यक्षमा निर्वाचित भएका छन्। यसैगरि सदस्यहरुमा टेकबहादुर तामाङ, खड्क बहादुर तामाङ, बंगेल लामा, नम्रता तामाङ, सन बहादुर तामाङ, बम बहादुर तामाङ, निरक तामाङ, धवा तामाङ, रजनी तामाङ, कृष्णबहादुर बोल निर्वाचित भए। कार्यक्रमका प्रमुख अतिथी धनबहादुर तामाङले वितेको १० वर्षमा बैदाम तामाङ सेवा समाजले विशेष पहिचान बनाएको बताउनुभयो। समाजका अध्यक्ष ज्याक तामाङले सबैको सहयोगले नै समाजले समुदायको हितका लागि काम गर्न सकेको बताउनुभयो। उहाँले युवाहरुलाई सक्षम बनाई देश सेवामा परिचालन गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा समाजका उपाध्यक्ष जयन्ती मोक्तानले स्वागत तथा सचिब निमा तामाङले सञ्चालन गर्नुभएको थियो। (विद्यार्थी पत्रकार)

# संसद्...

थियो। सर्वोच्च अदालतले संसद् विघटन असंवैधानिक रहेको ठहर गर्दै प्रतिनिधिसभा पुनःस्थापित गरेको थियो। पुनःस्थापित प्रतिनिधिसभालाई ओलीले गत जेठ ७ गते पुनःविघटन गर्नुभएको थियो। दोस्रो पटकको विघटनलाई पनि असंवैधानिक ठहर गर्दै सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापित गर्दै नेपाली कांग्रेसका संसदीय दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न आदेश दिएको थियो। प्रमुख प्रतिपक्षी एमालले पुनःस्थापित प्रतिनिधिसभाको बैठक लगातार अवरुद्ध गर्दै आएको छ। एमालेको अवरोधका कारण संसद्को कामकारबाही प्रभावित भएको छ। सरकारले संसद्को गतिरोध अन्त्यका लागि पटकपटक आह्वान गरे पनि एमालेले संसद् अवरोधको गतिविधिलाई निरन्तरता दिँदै आएको छ। "सर्वोच्च अदालबाट ह्वीप लाग्दैन भन्ने फैसला छ, सभामुखले १३ दिनभित्रै निर्णय लिनुभएको छ, कहीकतै संविधानको मर्म र भावनाको उल्लङ्घन छैन", अध्यक्ष दाहालले प्रश्न गर्नुभयो, "तर अहिले पनि ओली माधवकुमार नेपाल देखिएपछि उपस्थित नहुने भनिराख्नुभएको छ, यो भन्दा अराजनीतिक र अलोकतान्त्रिक चरित्र अरु के हुन्छ?"

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्पर्क राख्नुहोला।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।*

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान:
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट: नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# दोस्रो ऋषिङ अल्ट्रा म्याराथान यही पुस २७ मा

पोखरापत्र संवाददाता
दमौली, ५ पुस

तनहुँको ऋषिङ गाउँपालिकाको आयोजनामा दोस्रो ऋषिङ अल्ट्रा म्याराथन म्याराथन प्रतियोगिता हुने भएको छ । पर्यटन प्रबर्द्धनका लागि गाउँपालिकाको आयोजनामा यही पुस २७ गते अल्ट्रा म्याराथन हुन लागेको हो ।

गाउँपालिकाका विभिन्न पर्यटकीय स्थलको प्रचारप्रसारका लागि प्रतियोगिता गर्न लागिएको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले जानकारी दिनुभयो । गाउँपालिकाले खेलकुदका गतिविधिलाई प्राथमिकतामा राखेको जनाउँदै केही समय अगाडी मात्रै पालिकास्तरीय भलिबल प्रतियोगिता सम्पन्न गरिसकेको उहाँले बताउनुभयो ।

गाउँपालिकाले पुस २७ गते खुल्ला म्याराथन, स्थानीय म्याराथन र महिला म्याराथन प्रतियोगिता एकैसाथ आयोजना गर्दैछ । खुल्ला म्याराथन ४२.२ किमि दूरीको हुनेछ । धारुङ भञ्ज्याङबाट सुरु हुने दौड रानीपोखरी, गाउँपालिकाको कार्यालय, अर्खलाछाप, काफलडाँडा, पुरानो ऋषिङ, पोखरीभञ्ज्याङ, गोठादी, ढुङगाडे, चालिसे, भिरकोट, अर्चल्दी, मौरीबास, डाडसिरी, दुवुङकोट पुगेर टुङ्गिनेछ । स्थानीयतर्फ १० किमी दूरी दौड धारुङ भञ्ज्याङबाट सुरु भएर रानीपोखरी, गाउँपालिकाको कार्यालय, अर्खलाछाप, केउराडी, ज्यामिरेमाई मन्दिरमा टुङ्गिनेछ भने महिलातर्फ ४ किमी दूरी दौड धारुङबाट सुरु भएर रानीपोखरी, गोरखालीचौतारी, गैह्राथोक, दुर्गामन्दिर, कोटदरबार पुगेर टुङ्गिनेछ । खुल्लातर्फ प्रथम हुनेलाई रु ६५ हजार, द्वितीय हुनेलाई रु ४० हजार, तृतीय हुनेलाई रु २५ हजार र सान्त्वना हुने तीन जनालाई रु दश हजार पुरस्कार प्रदान गरिने गाउँपालिकाका प्रवक्ता विजय दरैले जानकारी दिनुभयो । स्थानीय प्रथम हुनेलाई रु १५ हजार, द्वितीय हुनेलाई रु १० हजार, तृतीय हुनेलाई रु ६ हजार र सान्त्वना हुने एक जनालाई रु दुई हजार पुरस्कार प्रदान गरिनेछ । यस्तै महिलातर्फ प्रथम हुनेलाई रु १० हजार, द्वितीय हुनेलाई रु आठ हजार, तृतीय हुनेलाई रु पाँच हजार र सान्त्वना हुने एक जनालाई रु दुई हजार पुरस्कार प्रदान गरिनेछ ।

गत वर्ष आयोजित प्रथम ऋषिङ म्याराथनको उपाधि जुम्लाका राजन रोकायाले जित्नुभएको थियो । प्रतियोगितामा डोटीका नवराज साउद द्वितीय, सोलुखुम्बुका सुमन कुलुङ राई तृतीय र कालिकोटका देवराज महतारा चौथो हुनुभएको थियो । यस्तै दश किमी दूरीमा भएको स्थानीय दौडको उपाधि पदमबहादुर आले प्रथम, विजय आले दोस्रो र नेखबहादुर कुमाल तेस्रो हुनुभएको थियो । चार किमी दूरीमा भएको महिला दौडमा सीता रानाभाट प्रथम, यमुना थापा दोस्रो र सुस्मिता रानाभाट तेस्रो हुनुभएको थियो ।

# आर्थिक सहयोग रकम हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, ५ पुस



स्याङ्जा हरिनास गा.पा.वडा नं.३ मस्याम चिसापानी निवासी विपन्न बहुअपाङ्ग परिवारकी अनिता सिग्देलको नियमित उपचार र जीविकोपार्जनका निमित्त सहयोग स्वरुप संकलित रकम सोमबार हस्तारण गरिएको छ ।

स्याङ्जा समाज जापान र एनआरएनए क्षेत्रीय समिति नागोयाको संयुक्त सहकार्यमा स्याङ्जा समाज जापान क्षेत्रीय समिति नागोयाका उपाध्यक्ष एनआरएनए नागोया सदस्य मित्र लाल सिग्देलको संयोजकत्वमा सञ्चालित अभियानबाट संकलित रकम दुई चरणमा गरि जम्मा २ लाख ४७ हजार २ सय रुपैया सिग्देल बन्धु प्रतिष्ठान नेपाल चिसापानी इकाईको सामूहिक कुल पूजाको पावन दिन पारी सहयोग हस्तान्तरण गरिएको छ ।

सिग्देल बन्धु प्रतिष्ठान नेपाल चिसापानी इकाईका अध्यक्ष इन्द्रकान्त सिग्देलको अध्यक्षता रहेको कार्यक्रमको प्रमुख अतिथि निवर्तमान प्रमुख जिल्ला अधिकारी ऋषिराम सिग्देल रहेका थिए भने विशिष्ट अतिथिमा सिग्देल बन्धु प्रतिष्ठान नेपालका केन्द्रिय सदस्य समाजसेवी ओम सिग्देल, हरिनास गा.पा वडा नं २ का अध्यक्ष परसुराम सिग्देल, निवर्तमान इकाई अध्यक्ष टिकाराम सिग्देल, स्याङ्जा समाज जापानका महासचिव वेद कार्की , एनआरएनए क्षेत्रीय समिति नागोया जापानका उप-संयोजक कुसल पौडेल रहेको कार्यक्रम को संचालन इकाई सचिव प्रकाश सिग्देलले गरेका थिए । व्यावसाय, अध्ययन र रोजगारीको सिलसिलामा जापानका विभिन्न क्षेत्र र भूभागमा छरिएर रहेका लगभग ६६ जनाको आर्थिक सहयोगबाट संकलित उक्त रकम दुई चरणमा प्रदान गरिएको थियो । समाजसेवी, बुद्धिजीवी लगायत स्थानीयको उपस्थितिका बिच एनआरएनए क्षेत्रीय समिती नागोया जापानका उप-संयोजक कुसल पौडेल साथै स्याङ्जा समाज जापानका महा-सचिव वेद कार्की मार्फत निजको परिवार (आमा)लाई संकलित आर्थिक सहयोग रकम हस्तान्तरण सम्पन्न भएको छ । उक्त परिवारलाई खानेपानीको सहज व्यवस्था होस भनी सिग्देल बन्धु प्रतिष्ठान नेपालका केन्द्रिय सदस्य ओम प्रकाश सिग्देलले ३०० मिटर पाइप पनि सोही कार्यक्रम मार्फत प्रदान गर्नु भएको थियो ।

सहयोग अभियानमा जोडिनु हुने सम्पूर्ण सहयोगी दाता हरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यो सानो सहयोगले अनिता को परिवारमा राहतको अनुभूति गराउनेमा आशावादी रहेको स्याङ्जा समाजका महासचिव वेद कार्की बताए ।

सहयोगीलाई समन्वयकारी भूमिका निर्वाह गर्नुभएका समाजसेबी टीकाराम सिग्देल, शिक्षक लेखनाथ सिग्देल, अभियान संयोजक मित्रलाल सिग्देललाई एनआरएनए क्षेत्रीय समिति नागोया परिवार र स्याङ्जा समाज जापान परिवारले हार्दिक आभार व्यक्त गरेको छ ।

# क्रिकेट रङ्गशाला निर्माणबाट पछि हट्यो फाउण्डेशन

-नारायण अधिकारी
चितवन, ५ पुस (रासस)

निर्माणाधीन गौतमबुद्ध अन्तर ष्ट्रिय क्रिकेट रङगशाला निर्माणको कामबाट धुर्मुस सुन्तली फाउण्डेशन पछि हटेको छ । फाउण्डेशनले भरतपुर महानगरपालिकालाई स्वामित्व लिनका लागि अनुरोध गरेको हो । आर्थिक सङ्कलन हुन नसकेपछि महानगरपालिकासँग सम्झौतामा उल्लेख भएअनुसार स्वामित्व हस्तान्तरण गर्न लागेको हो । फाउण्डेशनले संस्थागत निर्णय गरी कोभिड- १९ को प्रकोपका कारण आर्थिक स्रोत जुटाउनका लागि जटिल र विषम परिस्थिति उत्पन्न भई निर्माण कार्य विगत पाँच महिनादेखि रोकिएकाले सहमति पत्रमा उल्लेख भए अनुसार स्वामित्व लिन अनुरोध गरेको छ ।

फाउण्डेशनले महानगरलाई लेखेको पत्रमा भनिएको छ, "फाउण्डेशन र भरतपुर महानगरपालिकाबीच भएको सहमतिपत्रको बुँदा नं ८ मा उल्लेख भएअनुसार विश्वव्यापी महामारी कोभिड- १९ का कारण विशेष परिस्थिति उत्पन्न भई आर्थिक स्रोत अभाव भएकाले तोकिएको समयमा रङगशाला निर्माण कार्य कठिनाई भएको छ ।" सम्झौतामा विशेष परिस्थिति उत्पन्न भएमा निर्माणकै क्रममा स्वामित्व हस्तान्तरण गर्नसक्ने उल्लेख छ । सामान्य अवस्थामा निर्माण सम्पन्न गरी महानगरपालिकालाई स्वामित्व हस्तान्तरण गर्ने जनाइएको छ । महानगरपालिका प्रमुख रेनु दाहालले फाउण्डेशनले कोभिड- १९ का कारण निर्माण सम्पन्न गर्न कठिन भएको भन्दै स्वामित्व हस्तान्तरणका लागि अनुरोधगरेकोबताउनुभयो।यसलगत्तै महानगरपालिकाको कार्यपालिका बैठकबाट निर्णय गरी आवश्यक प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभयो ।

यस सम्बन्धमा युवा तथा खेलकूदमन्त्री महेश्वरजङग गहतराजसँग परामर्श गरी काम अघि बढाइएको दाहालले बताउनुभयो । महानगरले फाउण्डेशनलाई काम अघि बढाउन वा सम्झौता अनुसार स्वामित्व हस्तान्तरण गर्न भनेपछि फाउण्डेशन पछि हटेको हो । उहाँका अनुसार फाउण्डेशनले महानगरमा पेश गरेको विवरण सरकारी तवरबाट जाँचबुझ गरी मन्त्रालयमार्फत् मन्त्रिपरिषद्मा पठाएर तिर्नुपर्ने भुक्तानी तिर्नका लागि प्रक्रिया अघि बढाइँदै छ । बाँकी कामका लागि बहुवर्षीय योजना अन्तर्गत बोलपत्र आह्वान गरी काम अघि बढाउन महानगरले सङ्घीय सरकारलाई अनुरोध गरेको दाहालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो "मन्त्रिपरिषद्ले जे निर्णय गर्छ सोही अनुसार काम गर्न हामी तयार छौं ।" भरतपुर महानगरपालिकाको महत्वपूर्ण आयोजना भएकाले यसलाई निरन्तरता दिएर सम्पन्न गर्न आफू लागि परेको दाहालको भनाइ छ ।

महानगरपालिकाले नै त्रिभुवन र कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग समन्वय गरेर सो जग्गा रङगशालाका लागि उपलब्ध गराएको हो । फाउण्डेशनले नेतृत्व गरेको भए पनि अधिकांश आर्थिक सहयोग जुटाउन महानगरपालिकाको प्रत्यक्ष भूमिका रहेको छ । उहाँले थप्नुभयो, "रङ्गशाला सम्पन्न हुन्छ ।"फाउण्डेशनले रु १७ करोडभन्दा बढी ऋण तिर्न बाँकी रहेको महानगरलाई अनुरोध गरेको पत्रमा उल्लेख छ । महानगरका प्रमुख प्रशासकीय अधिकृत रामबन्धु सुवेदीले कार्यपालिकाको बैठकले निर्णय गरी फाउण्डेशनले पेश गरेको विवरणको आर्थिक र प्राविधिक पक्षको अध्ययनका लागि सघन सहरी तथा भवन निर्माण आयोजना भरतपुरमा पठाएको छ । यसैगरी नेपाल चार्टर एकाउन्टेन्ट संस्थामा आर्थिक अध्ययनका लागि पठाइँदै छ । दुवै निकायबाट जाँचबुझपछि खेलकूद मन्त्रालय हुँदै मन्त्रिपरिषद् बैठकमा पठाउने तयारी गरिएको हो । सुवेदीले नेपाल सरकारको नीतिनियम अनुसार आवश्यक प्रक्रिया पुऱ्याएर रङ्गशाला निर्माणको कामलाई पूर्णता दिने बताउनुभयो । आर्थिक अभावका कारण विगत पाँच महिनादेखि रङगशाला निर्माणको काम हुनसकेको छैन । उधारो आर्थिक व्ययभार बढ्दै गएको र आर्थिक सङ्कलन हुन नसकेको भन्दै काम रोकिएको हो । फाउण्डेशनका अध्यक्ष सीताराम कट्टेलले चरम आर्थिक सङ्कटबाट गुज्रिएपछि काम रोक्नुपरेको बताउँदै आउनु भएको थियो ।उहाँले जनस्तरबाट रकम उठ्ने सम्भावना पनि नभएको र सरकारले नदिएका कारण आर्थिक सङ्कट आएको बताउनुभयो ।

रङ्गशालाको भौतिक पूर्वाधारको ३५ प्रतिशत काम सकिएको फाउण्डेशनले दाबी गरेको छ । रङ्गशालामा अहिलेसम्म रु ५४ करोड ६२ लाख २१ हजार खर्च भइसकेको यसअघि नै फाउण्डेशनले दाबी गरेको थियो । रङ्गशाला सम्पन्न गर्न रु तीन अर्ब हाराहारी खर्च हुने अनुमान गरिएको छ । रङगशालाको विसं २०७५ माघ १६ गते काठमाडौंमा तत्कालीन प्रधानमन्त्री, पूर्व प्रधानमन्त्रीको उपस्थितिमा भरतपुर महानगरसँग विशेष सम्झौता भई काम अघि बढाइएको थियो ।

# बागलुङ बजारमा व्यवस्थित उद्यान) बनाइँदै

पोखरापत्र संवाददाता
बागलुङ, ५ पुस

बागलुङमा 'वीरेन्द्र ऐश्वर्य पार्क (उद्यान)'का नाउँमा चिनिएको समीक्षालयलाई व्यवस्थित बनाइने भएको छ । भण्डै १४ वर्षदेखि अलपत्र अवस्थामा रहेको उद्यान अब व्यवस्थापन गरेर नयाँ बनाउन लागिएको हो ।

नगरपालिकाले सो उद्यानलाई व्यवस्थित बनाएर नगरभित्रको आकर्षक गन्तव्य बनाउन लागेको नगरप्रमुख जनकराज पौडेलले बताउनुभयो । यसका लागि नगरपालिकाले डीपीआर बनाइसकेको छ । चालु आर्थिक वर्षभित्रै काम सक्ने लक्ष्य राखिएको छ । २०६२/०६३ सालको जनआन्दोलनमा उद्यानमा रहेका तत्कालीन राजा तथा रानीको मूर्ति ढालेपछि यो उद्यान बेथितिका रुपमा रहेको थियो । सरसफाइ नगर्ने, खुला र अव्यवस्थित बनाउँदा फोहर थियो । पछिल्लो समय केही फोहर कम भए पनि व्यवस्थापन थिएन । तर गतवर्ष उद्यानको दक्षिण किनारामा रहेको ट्राफिक कार्यालय भत्काएपछि तत्काल उद्यान व्यवस्थापन गर्ने योजना थियो ।

चालु वर्षको बजेटमा एए कन्स्ट्रक्सन प्रालिले रु ९६ लाखमा ठेक्का लिएर काम गरिरहेको हो । नगरपालिकाले व्यवस्थापनको काम गरेको छ । " पानी नजम्ने, आर्कषक र व्यवस्थित पार्क बन्नेछ", इञ्जिनीयर मनोज शर्माले भन्नुभयो, "यो उद्यानले नगरकै पहिचान झल्कने बनाउने योजना छ ।" उद्यान व्यवस्थापन गरेपछि फूल रोप्ने, बस्ने स्थान र बजारकै गौरव गर्न लायक उद्यान बन्ने वडा नं. २ का अध्यक्ष जीवन आचार्यले बताउनुभयो ।

"बाहिरबाट आएका मानिसले पनि यो पार्क हेरेर बागलुङको पहिचान बुझ्न सकुन् भन्ने लक्ष राखिएको छ", उहाँले भन्नुभयो, "यो उद्यान व्यवस्थित भयो भने प्रवेश शुल्क राखेपनि चलाउन सकिन्छ ।'' यसअघिको मूर्तिहरु फालेपछि खाल्डामा जमेको पानी दुर्गन्धित थियो । बालबालिका सहजै प्रवेश गरेर खेल्दा ती खाडलमा पर्ने जोखिम थियो । केही समय यहाँको छाप्रोमा वडा कार्यालय सञ्चालनमा आयो । अहिले वडा कार्यालय पुरानो जिविसका भवनमा सरेको छ । त्यसपछि उक्त छाप्रोमा एउटा तालिम हल बनाइएको छ । एकातर्फ ट्राफिक प्रहरीको अस्थायी कार्यालय राखिएको छ । तर व्यवस्थित उद्यानसँगै शौचालय पनि राख्नुपर्ने स्थानीयवासीको माग छ ।

"उद्यान राम्रो बनाउने तयारी भएको रहेछ तर सार्वजनिक शौचालय पनि बनाउन आवश्यक छ'' बानपा २ का व्यवसायी सञ्जय श्रेष्ठले भन्नुभयो, "सवारी साधनको पार्किङ व्यवस्थापन गर्न सकियो भने बागलुङ बजारको मुहार फेरिन्छ ।'' अहिले पनि बजार क्षेत्रमा पार्किङ अभाव छ । दुई वर्षदेखि साताको तीन/तीन दिन सडकको दायाँ र बायाँ सवारी पार्किङ गराउने व्यवस्थापन गरिएको छ ।

# ६५ घरमा 'एक घर एक धारा'

पोखरापत्र संवाददाता
बागलुङ, ५ पुस

खानेपानीको समस्या भएको बागलुङ नगरपालिका-८ स्थित बाँस्खोट र लाम्पाटा क्षेत्रमा एक घर एक धारा निर्माण सम्पन्न भएको छ ।

खानेपानीको समस्या भएको साँयकोट क्षेत्रमा गत वर्ष नै ६५ घरमा खानेपानीका धारा जडान भइसकेका छन् । अहिले अर्को समस्या ग्रस्त क्षेत्र आलबारी, बाँसकोट, लाम्पाटा, पाखावारी लगायतका क्षेत्रमा खानेपानीको धारा निर्माण भएर पानी पुऱ्याएको छ । अव्यवस्थित सामुदायिक खानेपानीको धारा रहेको उक्त क्षेत्रमा मुस्किलले दिनमा दुई घण्टा मात्रै पानी आउनेमा अहिले घरमै मिटर सहितको धारा जडान भएको सिगानाका स्थानीय कोपिला खड्काले बताउनुभयो । अव्यवस्थित रुपमा रहेको खानेपानीलाई व्यवस्थित गरी घरघरमा धारा जडान गर्दा यस स्थानका स्थानीयहरु खुशीले दंग परेका छन् । उनीहरुले सामुदायिक धारामापानीको पालो समेत पर्खनुपर्ने बाध्यता थियो । खानेपानीको समस्या भोग्दै आएका बागलुङ-८ सिगाना लामिचौर दलित बस्ती बाहेकका २१ मुहानमा खानेपानीको काम चलिरहेको बागलुङ-८ सिगाना खानेपानी तथा सरसफाइ आयोजनाका अध्यक्ष यज्ञराज गोतमले जानकारी दिनुभयो ।

"२०७३ सालबाट यहाँ २१ साना/ठूला मुहानममा खानेपानीको काम भइरहेको छ, अहिले लाम्पाटा लगायतको क्षेत्रमा ६५ घरमा खानेपानी पुऱ्याएका छौं" उहाँले भन्नुभयो "बहुवर्षे योजना अर्न्तगत अहिले कोरीखोला क्षेत्रमा समेत ६५ घरमा खानेपानीको काम भइरहेको छ तर लाम्पाटा, पाखावारी लगायतका क्षेत्रमा एक महिनादेखि घर घरमा खानेपानी पुगिसकेको छ ।" हाल सम्म उक्त स्थानमा जम्मा १२ सामुदायिक धारा, अव्यवस्थित, असहज पानीको वितरण थियो । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, बागलुङको बजेट अनुसार अहिले सिगानामा धमाधम एक घर एक धारा लगायत खानेपानी पहुँच पुऱ्याउने काम भइरहेको छ । पैसठ्ठी घरमा धारा पुऱ्याउनका लागि चितेपानी आलावारीको मुहानबाट पानी ल्याएर २० हजार लिटर क्षमताको पानी संकलन ट्याङ्की निर्माण गरी बितरण गरिएको छ । ती घरमा मात्रै खानेपानी पुऱ्याउन रु. २५ लाख खर्च भइसकेको सो आयोजनाले जनाएको छ ।

# चालकसहित स्काभेटर पुरियो

पोखरापत्र संवाददाता
म्याग्दी, ५ पुस

रघुगङ्गा गाउँपालिका-४ दनामामा आज पहिराले चालकसहित स्काभेटर पुरिएको छ। तुदी पावर कम्पनीद्वारा निर्माणाधीन ४८.५ मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजनाको सडक निर्माणका क्रममा चालक र स्काभेटर पुरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरी निरीक्षक वीरेन्द्रराज गुरुङले स्काभेटर चालक रघुगङ्गा-२ का अन्दाजी २७ वर्षका भीमबहादुर खत्री पहिरामा पुरिएको जानकारी दिनुभयो । "अर्को स्काभेटरको सहायताले पुरिएको स्काभेटर र चालकको खोजी भइरहेको छ", उहाँले भन्नुभयो, "सडक खनिरहेको अवस्थामा एक्कासि पहिरो खसेर पुरिएको हो ।" प्रहरी निरीक्षक गुरुङसहितको सुरक्षाकर्मी, आयोजनाका कर्मचारी, मजदुर र स्थानीयवासी पुरिएको स्काभेटर र चालकको खोजीमा जुटेका छन् । यसैगरी धवलागिरि गाउँपालिका-७ ताकमका अन्दाजी ७७ वर्षका गोरे थापा मृत भेटिएका छन् । ताकमको रत्नेगैरामा आइतबार साँझ मृत भेटिएका थापाको शव परीक्षणका लागि बेनी अस्पताल ल्याइएको छ। इलाका प्रहरी कार्यालय दरबाङका प्रहरी निरीक्षक सन्तोष पौडेलको टोली अनुसन्धानका लागि आज बिहान ताकम पुगेको छ । सडक छेउमा हिँडिरहेका थापा लडेको ठाउँ भएर साँझको समय गाडी पार गरेको थियो ।

प्रत्यक्षदर्शीले गाडी नआउँदासम्म हिँडिरहेका थापा गाडी आगाडि पार भइसकेपछि लड्नु र चोटपटक देखिनुमा गाडीको ठक्कर हुनसक्ने अनुमान गरेका छन् । घटनास्थलमा पुगेका प्रहरी निरीक्षक पौडेलले सिसिटिभी फुटेजमा, शव परीक्षण प्रतिवेदन र प्रत्यक्षदर्शीको भनाइका आधारमा थापाको मृत्युको कारण पहिचान गर्न अध्ययन थालिएको बताउनुभयो ।

# एसिया कप खेल्न जाने टोलीको बिदाइ

रासस
काठमाडौं, ५ पुस

नेपाल क्रिकेट सङ्घ (क्यान)ले संयुक्त अरब इमिरेट्स (युएई) मा आयोजना हुने एसीसी यु-१९ एसिया कप क्रिकेट प्रतियोगितामा सहभागिता जनाउन जाने नेपाली क्रिकेट टोलीलाई सोमबार बिदाइ गरेको छ ।

युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराज, क्यानका अध्यक्ष चतुरबहादुर चन्द एवं क्यानका पदाधिकारीले टोलीलाई सफलताको शुभमामना दिँदै आज यहाँ आयोजित एक कार्यक्रममा बिदाइ गर्नुभयो । नेपाली टोली आज राति १० बजे युएईतर्फ प्रस्थान गर्नेछ । यही पुस ८ देखि १६ गतेसम्म सञ्चालन हुने यु-१९ एसिया कप क्रिकेटमा आयोजक युएईसँगै नेपाल, बङ्गलादेश, श्रीलङ्का, कुवेत, भारत, अफगानिस्तान र पाकिस्तान गरी आठ राष्ट्र सहभागी छन् । प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । त्यसमा नेपाल समूह ' बी' मा परेको छ ।

नेपालको समूहमा बङ्गलादेश, श्रीलङ्का र कुवेत रहेका छन् । त्यस्तै समूह 'ए' मा भने आयोजक युएई, भारत, पाकिस्तान र अफगानिस्तान रहेका छन् ।